स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



टिकटकबाट उदाएर म्यूजिक भिडियोमा राम्रो सफलता पाएकी मोडल प्रिन्सी खतिवडालाई अब फिल्ममा देख्न पाइने भएको छ । त्यो पनि अनमोल केसीको जोडी बनेर । अभिनेता भुवन केसीको निर्देशनमा बन्न लागेको फिल्म "बाटुलो जून"बाट उनले डेब्यु गर्न लागेकी हुन् । उनलाई निर्माण टिमले अडिसनबाट छानेको हो । एक साताअघि प्रिन्सीसहित १५ जनाको अडिसन लिइएको थियो ।

आजको विचार...



शासक...
(दुई पेजमा)

प्राडा. कुलप्रसाद कोइराला



"प्रेमगीत"पछि निर्देशक सुदर्शन थापा र अभिनेता प्रदीप खड्काबीच एकपटक फेरि सहकार्य हुँदैछ । गत वर्ष सुदर्शनले नयाँ फिल्मका लागि प्रदीपसँग लिखित सम्झौता गरेका थिए । तर, फिल्मको नाम सार्वजनिक गरिएको थिएन । यसै साता निर्देशक थापाले चलचित्र विकास बोर्डमा "शुभ विवाह" शीर्षकमा फिल्म दर्ता गरेका छन् । जसमा प्रदीपको नाम कलाकारमा राखिएको छ । "शुभ विवाह" शीर्षकमा यसअघि पनि तीनजना निर्देशकले फिल्म बनाउने तयारी गरेका थिए ।

❒ वर्ष ३० ❒ अंक ३२४ ❒ २०८२ असार ५ गते बिहीबार 19 June 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा ३० जनाको मृत्यु

(रासस/क्युएनए)

**गाजा, असार ४**/गाजा पट्टीका धेरै क्षेत्रमा सहायता खोज्नेहरू, घरहरू र विस्थापित व्यक्तिहरूको शिविरहरूलाई लक्षित गरी भएको इजरायली हवाई आक्रमणमा ३० प्यालेस्टिनीको मृत्यु हुनुका साथै र दर्जनौं घाइते भएका छन् ।

मध्य गाजा पट्टीको सालाह अल-दिन स्ट्रिटमा बुधबार बिहानै सहायताका लागि पर्खिरहेका मानिसमाथि इजरायली आक्रमणमा ११ जना प्यालेस्टिनी मारिएको र करिब एक सय जना घाइते भएको चिकित्सा स्रोतहरूले बताएका छन् । मध्य गाजा पट्टीको माघाजी शरणार्थी शिविरमा रहेको एउटा घरलाई निशाना बनाएर गरिएको आक्रमणमा छ जना मारिएका छन् भने अन्य घाइते भएका छन् । दक्षिणी गाजा पट्टीमा, खान युनिसको अल-मवासी क्षेत्रको अल-अत्तारमा विस्थापित व्यक्तिहरूको शिविरमा इजरायली विमानले आक्रमण गर्दा तीन भाइसहित पाँच प्यालेस्टिनी मारिएको र अन्य धेरै घाइते भएका छन् । गाजा सहरमा, सहरको दक्षिणपूर्वमा अल-जेइटाउन छिमेकमा रहेको अली बिन अबी तालिब मस्जिद नजिकैको घरमा इजरायली आक्रमणमा आठ जना नागरिकको मृत्यु र अन्य धेरै घाइते भएका छन् । सन् २०२३ अक्टोबर ७ देखि गाजा पट्टीमा इजरायली आक्रमणबाट मर्नेहरूको संख्या ५५ हजार चार सय ९३ पुगेको छ भने एक लाख २९ हजार तीन सय ३२० जना घाइते भएका छन् ।

# मिथ्या सूचना विरुद्ध विद्यार्थीलाई शिक्षा

***अधिकाश व्यक्तिहरुले इन्टरनेट तथा सामाजिक सञ्जालमा आउने सूचनाहरुलाई आधिकारीक सूचना मानेर पत्याउने गरेका छन् । पछिल्लो समयमा विभिन्न सामाजिक सञ्जाल तथा इन्टरनेटहरुमा गलत सूचना फैलाएर आफ्नो फाईदा लुट्ने समूहहरु बढेका छन् ।***

**कृष्ण पोखरेल**

**पाल्पा, असार ४**/के झूटो र के साँचो भन्ने कुरा छुट्याउन अब पहिला जस्तो सरल छैन् । डीप फेकको जमानामा असत्यलाई पनि सत्यको मुखौटा लगाइदिन सकिने भैसकेपछि आफ्नै आँखाले देखेको र कानले सुनेका कुरालाई पनि पत्याउन नमिल्ने अवस्था अहिले सिर्जना भएको छ । अधिकाश व्यक्तिहरुले इन्टरनेट तथा सामाजिक सञ्जालमा आउने सूचनाहरुलाई आधिकारीक सूचना मानेर पत्याउने गरेका छन् । पछिल्लो समयमा विभिन्न सामाजिक सञ्जाल तथा इन्टरनेटहरुमा गलत सूचना फैलाएर आफ्नो फाईदा लुट्ने समूहहरु बढेका छन् । त्यसको शिकार हरेक सोझा नागरिकहरु पर्ने गरेका छन् । फेसवुक, युटुव, भाइवर, हवाट्स एप, टिकटक तथा अन्य सामाजिक सञ्जालमा आएका अधिकाश कुराहरुलाई जनताले समाचारको रुपमा पत्याएकै कारण अहिले नेपालमा मिथ्या सूचनाको जालो बढेको छ । जुन सुकै व्यक्ति पनि मिथ्या सूचनाको शिकार हुने भएकाले अहिले विभिन्न पक्षबाट ठाउँ-ठाउँमा सचेतना अभियान सञ्चालन भएका छन् ।



पूर्वखोला गाउँपालिकाले पाल्पा विकास केन्द्रको सहकार्यमा वडा नं. ५ को विरकोटमा मिथ्या सूचना विरुद्ध सचेतना अभियान सञ्चालन गरेको छ ।

पालिकाले यहाँका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई मिथ्या सूचनाविरुद्ध शिक्षा दिर्दै आएको छ । उसले विरकोटको गणपती माध्यमिक विद्यालयमा अध्यनरत कक्षा ९ र १० का ७५ जना विद्यार्थीहरुलाई मिथ्या सूचनाको अवस्था बारे शिक्षा दिएको छ । सचेतना कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष नुनबहादुर थापाले अहिले नेपालमा मिथ्या सूचनाको कारण व्यक्ति, परिवार, समाजदेखी राष्ट्रसम्मले दुःख पाएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## स्वच्छ सहर - स्वस्थ्य सहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय समयमा मर्मत सम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं, जथाभावी नफालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट विरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समय समयमा मर्मत संभार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं,

*"सहरलाई सुन्दर बनाऔं"*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# कोदो, मकै छाडेर किबीखेतीतर्फ आकर्षण

**जनार्दन घिमिरे/रासस**

**गुल्मी, असार ४**/सत्यवति गाउँपालिका-८ भार्षेका यमबहादुर थापा यतिबेला व्यावसायिक रुपमा किबीखेती गरेर राम्रो आम्दानी गर्न थालेका छन् । परम्परागत रुपमा कोदो र मकै उत्पादन हुँदै आएको उनको बारी यतिबेला किबीका बोटले ढपक्कै ढाकेको छ । थापाले किबीखेती गरेर वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् ।

थापा कृषक मात्र नभएर जनप्रतिनिधि पनि हुन् । सत्यवती-८ का सदस्य थापाले गत ११ वर्षदेखि किबीखेती गर्न सुरु गरेका हुन् । उनले आठ रोपनी जग्गामा किबीखेती गर्दै आएका छन् । उनको बारीमा यलिसन,



हेवार्ड, रेड, गोल्डेन, ब्रुनो, मोन्टी र रेड गरी छ जातका किबीका बिरुवा छन् । जलवायु र भौगोलिक संरचनाको हिसाबले भार्षे किबीखेतीका लागि उपयुक्त ठाउँ मानिन्छ । उनले गत वर्ष चार लाखको किबी र दुई लाखको किबीका बिरुवा बिक्री गरेको बताए । तीन वर्षबाटै किबीले उत्पादन दिन थालेपछि थापालाई किबीखेती गर्ने उत्प्रेरणा जागेको हो । एउटै बोटमा ५० देखि एक क्वीन्टलसम्म किबी फल्ने गरेको छ । उनको बारीमा अहिले एक सय ५० किबीका बोट रहेका छन् । सुरुमा थापाले तार, पाइप र खम्बा बनाउनका लागि आठ लाख खर्चेर व्यावसायिक रुपमा किबीखेती गर्न सुरु गरेका हुन् । "त्यही लगानीले अहिलेसम्म काम गरेको छ, यो बहुवर्षीय भएका कारण एक पटक लगाएपछि ५० वर्षसम्म आम्दानी लिन सकिन्छ, त्यसैले यसैमा रमाएको छु", उनले भने । किबीमा अन्य जातका फलफुलमा भन्दा रोग खासै नलाग्ने भएको उनले बताए । "वर्षमा दुई पटक हाँगा काटछाँट गर्नुपर्छ, गोठे मल मात्र प्रयोग गर्दै आएको छु, त्यसैअनुसार उत्पादन पनि राम्रो हुँदै गएको छ", थापाले भने । उनले उत्पादन गरेको किबी बजारमा दुई सयदेखि तीन सयसम्ममा बिक्री हुने गर्दछ ।

*-बाँकी अन्तिम पेजमा...*

## सूचना ! सूचना !! सूचना !!!

यस आनन्द बचत तथा ऋण सहकारी संस्था लि. बाट कर्जा लिई कारोबार गरी नियमित रुपमा संस्थालाई बुझाउनुपर्ने सावाँ, ब्याज रकम नबुझाउनु भएका सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई यही मिति **२०८२ आषाढ २५ गते** भित्र बुझाउन आउनुहुन अनुरोध छ । साथै सो अवधी भित्र सावाँ ब्याज बुझाउन आउने सदस्यज्यूहरुलाई विशेष छुट दिईने भएको हुँदा उक्त समयभित्र बुझाउन आउनुहुन यो सूचना प्रकाशित गरिएको ।

**आनन्द बचत तथा ऋण सहकारी सस्था लि.**
तानसेन-६, पाल्पा
सम्पर्क नम्बर : ०७५-५२१५५३

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## यौन हिंसाका मुद्दामा गम्भीर बन

एक दशक लामो सशस्त्र द्वन्द्वको परिणाम स्वरूप देशमा गम्भीर मानव अधिकार हननका घटनाहरू घटेका छन् । तर शान्ति निर्माण प्रक्रिया सुरु भएको २० वर्ष पुग्न लाग्दा पनि सशस्त्र द्वन्द्वको समयमा भएका गम्भीर मानव अधिकार उलंघनका सवालहरू विशेषतः महिला माथि भएका यौन अपराध जस्ता सवालहरू सम्बोधन हुन सकेका छैनन् ।

युद्धका समयमा धेरै महिलाहरु यौन हिंसाको सिकार बने । यौन हिंसाको सिकार बनेका कयौं महिलाहरु अझै पनि समाजमा सम्मानजनक रुपमा बाच्न पाएका छैनन् । युद्धका बेलामा यौन हिंसामा परेकाहरूको वेदनाको सम्बोधन अनि अधिकारको प्रत्याभूत गर्न हरेक वर्ष जून १९ तारिखमा द्वन्द्वमा यौन हिंसाको उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । आज पनि विभिन्न सचेतनामूलक कार्यक्रम गरी यो दिवस मनाइँदै छ । सन २०१५ देखि द्वन्दमा भएका यौन हिंसाको अन्त्य गर्न आवश्यक पर्ने चेतना जगाउनको लागि यो दिवस मनाउने गरिएको भए पनि त्यसले सार्थक रुपमा लिन सकेको छैन । द्वन्द्व पीडित तथा प्रभावित महिलाको आत्मसम्मानसहितको सत्य, न्याय र परिपूरणका लागि अविलम्ब व्यवस्था गर्न साथै सङ्क्रमणकालीन न्यायलाई कानुनी व्याख्याको परिधिबाट फराकिलो पारी स्वन्याय, पारिवारिक न्याय र सामाजिक न्यायको अनुभूति गर्ने संयन्त्र र वातावरण निर्माण गर्न माग गर्दै आजको दिन सरकारसँग अपिल गरिन्छ । जसले न्याय पाउनुपर्ने हो, उनीहरु अझैसम्म पनि न्यायका लागि भौतारिदैंछन्, गुहार्दैछन् तर कसैले पनि उनीहरुको आवाज सुन्न सकिरहेको छैन । राष्ट्रिय तथा अन्तर्राष्टिय मञ्चबाट बारम्बार आवाज उठिरहेपनि ति पीडितका मुद्दालाई सरकारले सम्बोधन गर्न सकेको छैन । बलात्कार तथा यौनजन्य हिंसालाई मानव अधिकारको गम्भीर उल्लंघन र कानुनले सबैभन्दा ठूलो अपराधको रुपमा व्याख्या गरे पनि पीडितका मुद्दा ओझेलमा पर्नु दुखद् हो । द्वन्द्वकालमा भएका बलात्कार र यौनजन्य घटनालाई सम्बोधन नगरिएसम्म शान्ति प्रक्रिया निष्कर्षमा पुग्न सक्दैन । तसर्थ उनीहरुको न्यायका लागि सरकार गम्भीर हुन जरुरी छ ।

### Opinion @ Social Network

चिन्नेहरुले हामीलाई यसरी चिनुन, तिमिलाइ देख्दा मलाई सम्झिउन,मलाई देख्दा तिमिलाई अनि हामी दुबैलाई एकैपटक देख्दा आफैलाई बिर्सिउन ।

*(हिमाल मगरको फेसबुक स्टाटस https://www.facebook.com/magar.himal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शासक शासन र जनअपेक्षा



प्राडा. कुलप्रसाद कोइराला

### ढुकुरको अनुहारका बाज

संसारका कुनै पनि देशमा सरकार हुन्छ । शासन पद्धति हुन्छ । देश भएपछि जनता पनि हुने नै भए । नेपाल पनि यी तीन कुराबाट वञ्चित कहिल्यै पनि भएको इतिहास छैन । तर शासक, शासित र देश जस्तो किन छैन ? आज पनि देश, देश बनेको छैन सरकार छ तर सरकार जस्तो छैन । जनता छन् तर तीनले जनताको चरित्र विकास गर्न सकेका छैनन् । जनतामा विवेक, विचार तथा स्वतन्त्र चिन्तन हुनुपर्छ । यस्तो भएन भने सभ्य देशमा सरकार, राजनीतिक दल सबै मिलेर जनतालाई आवश्यक पर्ने सुखसुविधा र शिक्षादीक्षाको सहज व्यवस्था मिलाउन लाग्छन् ।

यस देशमा यस्तो गरेको कहिल्यै किन देखिँदैन ? किनभने नेपालमा कांग्रेस, एमाले, मधेसवादी, प्रान्तवादी, खुकुरी दल, बञ्चरो दल जति पनि दलहरू छन् ती सबै ढुकुरको अनुहारका बाज रहेछन् सबै कमाउन, थुपार्न र लुट्न केन्द्रित रहेका देखिन्छन् । गीतकारले 'लुट्न सके लुट्' भनेर गीत बनाए । गायकले गाए तर सरकारले सुनेन सरकारमा पुगेका रक्त चन्दन, वन, पाखापखेरालगायत सबै बेचविखन गर्दा पनि नअघाएर भिजिट भिसामा जनता बेच्न पनि लागेका रहेछन् लामै समयदेखि । यहाँ राजतन्त्र रहँदा पनि भाइभाइका बीचमा मारकाट हुन छाडेन । राणातन्त्रमा त त्यसले पराकाष्ठा नै छोएको थियो ।

कांग्रेस काल, एमाले काल, माओवादी काल, मधेसवादीका लगायत जुन-जुनकाल आए पनि राजनीति मारकाट, छलछाम, घूसघास, ठगठागका प्रतिस्पर्धामा कमी भएन । यस कलामा नयाँ-नयाँ तरिका र शैली अनि स्वरूप निर्माणमा भने नेपाललाई विश्वमा नै एक बनाएका हुनाले ट्रम्प जस्ता व्यापारी नेताले पनि 'नेपाली नेताहरू फटाहा र भ्रष्ट छन्' भन्न विवश बन्नुपर्‍यो । देशमा घडियाल गोही जतातनै भएका कारण रुस र युक्रेनका लडाइँमा गएर पनि नेपाली युवक बत्तीको पुतली बन्न विवश भए । शासकले कहिल्यै जिम्मेवारी बोध गर्नुपरेन । शासनमा गएका मानिस सेवक या रूपान्तरक होइन मालिक, धुताहा, लुटाहा र अमानवीय शक्तियुक्त जहिले पनि देखिए या देखिने प्रयास सबैले गरे । अछुतो कोही पनि भएनन् । भाषणमा चाहिँ 'स्वीच थिच्नेबित्तिकै प्रत्येक नेपालीका भान्सामा 'भ्वार्र' ग्याँस बल्ने, नेपालका ठाडा खोलाखोल्सामा पानीजहाज चल्ने, हिमाल छेडेर रेलमार्ग बनाउने, हावाबाट बिजुली बालेर देशै झिलिमिली बनाउने स्वप्न पनि बाँडे कसैले' तर 'धाकभन्दा धक्कु ठूला हिँड्ने बेलामा खुट्टा लुला' देखिए । देशका तीन-तीनवटा पूर्व र वर्तमान प्रधानमन्त्री मिलेर भूमाफियामा बिकेका खबरमात्र होइन तथ्यकै आधारमा न्यायालयका ढोकामा नै मुद्दा पुर्‍याइयो । आपूर्ति, निर्णय, आचरण र क्रियान्वयन क्षमताका दृष्टिले सबै निकम्मा सावित भए ।

### सोच्ने कि भिड्ने ?

यति हुँदा पनि यस देशका न जनता सचेत भएका छन् न त नेता भनाउँदा बाजले नै आफ्नो ढुकुरे चरित्रमा फर्कने प्रचेष्टा गरेका छन् । अहिले पनि हामी ढुकुर हौं भन्न व्यस्त छन् बाजहरू भने ढुकुर वृत्तिका जनता बाजलाई अविश्वास गर्नै सक्दैनन् । दैनिक लाखौं ढुकुरका बचेरा ५५ डिग्रीका भुत्भुतेमा रोजगारी खोज्न जान्छन् र कतिपय बाकसमा बन्द भएर फर्केको देख्दा पनि यी बाज रहेछन् भनेर कसैले सञ्चेतना प्रदर्शन गरेको छैन । पञ्चतन्त्रमा एउटा कथा छ बुढो बाघ र लोभी ब्राह्मणको । नेपाली जनता सधैं गरिब, लोभी विवेकहीन लिनमात्रै जान्ने कन्धने पुरोहितका रूपमा देखिएका छन् भने यो देशको शासन गर्न जाने त दलीय पद्धतिमा राजनीतिक दलबाटै हो भने त्यहाँ जहिले पनि शारीरिक बल नभएको सिकार खेलेर खान नसक्ने अवस्थामा पुगेको वृद्ध तर हिंस्रक वृत्तिको निष्करुण बाघका भूमिकामा रहेको देखिन्छ ।

जहानियाँ शासन आरम्भ गर्ने कुँवर होस् या एउटी विधवामा आसक्त भएर देशका प्रसिद्ध मठमन्दिरका देवमूर्तिमा मानवीय विष्टा दल्ने राजा भनाउँदा हुउन् । विनाकारण प्रजातन्त्रको घाँटी रेटेर एक व्यक्ति, एक शासक, एक भेष, एक देश, एक नियम एक कानुन निर्दलीयताका नाममा लागू गर्ने हुउन् । आफूले भनेको नहुने अवस्थामा बारम्बार मध्यावधिमात्र देख्ने हुन् कि मध्यावधि घोषणा गरेर चुनाव नगराउने हुन् यी सबै बुढो बाघकै चरित्रका हुन् भन्न सकिन्छ । पञ्चतन्त्रमा एउटा अर्को पनि कथा छ वनराज सिंहको र भासुर नामक गधाको । नेपालका वर्तमान प्रधानमन्त्री र मन्त्री तथा तिनको आधार दलका सबै भासुर नामक गधाको भूमिकामा रहेका देखिन्छन् ।

बुद्धि, विवेक, आचरण र स्मृति, मेधाविनाको मान्छेलाई गधा भनेर गाली गर्ने प्रचलन नेपाली समाजमा पनि छ । पटकपटक निकम्मा साबित भएका पनि पुनः पुनः देश चलाउने ठाउँमा पुग्न अनेकौं तिगडम गर्छन् तर कर्तव्य भुलेर आफ्नो र आफन्तको पेट भर्ने धन्दातिर मात्र ध्यान दिन्छन् त्यस्तालाई संकेत गर्ने भासुर गधाको कथा एकपटक हाम्रा राजनीतिकर्मीलाई पढ्न अनुरोध नेपाली बौद्धिक समुदायले पनि गर्नु आवश्यक भएको देखिन्छ । नियम कानुन नमानेर आफ्नै हट लागू गर्न चाहने र त्यस्ता क्रियाकलापको विरोध नगर्ने अनुयायी यस देशका राजनीतिक दलमा भरमार छन् । के यो पनि व्यवस्थाको दोष हो ? आजको संसदीय दृश्य मौलिक चरित्र हो कि ?

मान्छे काट्नु खुकुरीको दोष हो कि खुकुरी चलाउनेको ? कि खुकुरी बनाउने बिचरो त्यो शिल्पीको ? यो देशका मान्छेमा किन विवेक हरायो ? यस्ता कुरा सोचेर सुन प्रयास गर्ने कि एउटा गीतमा 'आमा मलाई त्यही केटी चाहिन्छ' भने झैँ मैले जे गरैं जे बोलैं त्यही सत्य र ठीक हो भनेर जग हँसाउने? आजका दिनमा नेपाली संसद्, नेपाली सरकार अनि नेपाली राजनीतिक दलका हठ र मूर्खतालाई नियाल्ने विश्व मानव हाँसिराखेका होलान् भन्ने चेत कहिले पलाउने ? हुन त बाख्रा चराउन वनमा गएका बेला अर्की गोठाल्नीले गाएको गीतमा 'हुइवा' (हुर्रा) लाएर मनको धोको पूरा गर्नमात्र जानेका व्यक्ति देशको प्रधानमन्त्री बनेपछि यसभन्दा गतिला कुराको आस कसरी गर्ने ?

### अति भयो अब जागौं

अन्याय गर्नेभन्दा अन्याय सहने बढी अन्यायी हुन्छ भन्ने भनाइलाई सम्झेर नै भए पनि अबका दिनमा नेपाली जनता ब्युँझनुपर्ने बेला भएको छ । अब पनि नब्युँझने हो भने आफ्नै लागि बियाँलो हुन्छ । मकैका धानचमरलाई चामल बनाउन रावणले बियाँलो गर्दा जगत् ठगियो । उसैले स्वर्ग जाने भऱ्याङ बनाउन पनि बियाँलो गर्दै भोलिपर्सि गरौंलाभन्दा भन्दै त्यो भोलिपर्सि नै उसका जीवनमा आएन रे भनेर बुढापाका मलाई सुनाउँथे, कतै त्यस्तै हामीलाई पनि नहोस् । हुन त आजको हाम्रो संसद् हाम्रो संसारको ठ्याक्कै प्रतिरूप छ । हाम्रो संसारमा लुटेरा, ज्यानमारा, ठग, चोर, डाका, आचरण पतीत, विचारभ्रष्ट, असल चिन्तन र आचरण भएका, उपकारी, दानशील, ढोंगी, गोठाला, बौद्धिक, देख्दाका डाल ढिँडाको काल, अनेकौं प्रकारका कर्म, आचरण र क्षमता भएका छन् ।

विचार गर्दा 'जेहने बाप तेहने बेटा, जेहने बाँस तेहने सोटा' भनेर मैथिली समाजले भनेको र दूध गुन बुद्धि बीज गुन जात भनेर नेपाली उखानले पनि त भनेको भेटिन्छ । समाज जस्तो छ त्यस्तै संसद् हुनुभनेको अहोभाग्य मान्न किन नसकेका हामीले ? अनि हामीले हाम्रो संसद्मा, मन्त्रिमण्डलमा त्यसको प्रतिरूप देखिँदा मन किन कुँड्याउने ? गोठाला खेतालाले देशविदेश नजान्लान् तर खेतबारी खन्ने, कान्ला भत्काउने, हुर्केका छोरीचेली कुदाउने, कसका राम्रा बुहारी छन् भनेर चियो गर्ने कलामा त तिनै निपुण हुन्छन् नि । गोठालाले दूध तताएर एक डाडु लुकाएर टुँडेसो लायो भनेर किन आँखा लाउने ? मखुण्डी बुहारीलाई ताल्चासाँचो दिएपछि घरको ढिकुटी रित्तन्छ भन्ने अनुभव पुर्खाले सुनाएकै थिए । अनि अहिले आएर भ्रष्ट पत्नीको परिगणना सामाजिक सञ्जालमा किन निकालेको ?

'विवेक भ्रष्टानां भवतिविनिपातोशतमुखः' जसको विवेकै भाँच्चिएको हुन्छ त्यसको ओरालो लाग्ने मार्ग गणना गर्न सकिन्छ र ? सिंगो समाजको बाफयान्तरिक संरचना र संस्कार चिन्तन नबदलेसम्म हाम्रो समाजको प्रतिरूपकै बन्छ हाम्रो संसद् पनि र सरकार पनि । आँपका रूखमा स्याउ फल्दैन । कागतीमा सुन्तलाको गुलियोपना छैन भन्दैमा कागती त्याज्य हुन्छ र ? सुन्तला मीठो छ भन्दैमा त्यसलाई ओखतीमा प्रयोग गर्न मिल्छ र ? खेतबारी जोते, खनेर अन्न, फलफूल लाए उदासे र भालुझारले उम्रने ठाउँ पाउँछन् र ? क्रान्तिका नाममा आएका घसेटा, दलका रूपमा जम्मा भएका पतिंगर पूजा गर्ने संस्कारले ठूला उद्योगको विकास गर्न कसरी सकोस् ?

मौरी मिहिनेती हुन्छ तर आफू सुखी हुन्छ र ? बाघ चान्द्रायणव्रती बनेको कहिल्यै कतै सुनिएको छ ? हामी कामै त्यस्तै गर्छौं बाघ र बाख्रासँगै चराउन या एकै खोरमा राख्न खोज्छौं अनि हामीले हानी नबेहोरे कसले बेहोर्छ त ? गधालाई धोएर गाई बन्दैन भनेर वीरबलले सिकाएका थिएनन् र ? हो, चोरलाई चाबी दिएपछि बाकस फोर्नु पर्दैन । अहिले हामीले भिजिट भिसामा गरेको धन्दा जस्तै स्वेतव्यापार गरेर चर्तिकला देखाउन पाइन्छ । व्यापारे वसते लक्ष्मी: कति राम्रो बुद्धि मान्छे बेचेर भए पनि लक्ष्मीको पूजा त गरेछन् हाम्रा सांसद र मन्त्रीले भनेर गौरव गर्न किन कन्जुस्याइँ ?

### जस्तो आफू उस्तै च्यापु

'पिता वै जायते पुत्र रूपेण' भनेर उपनिषद्ले पनि भनेको छ । पितापत्नीका गर्भबाट पुत्रका रूपमा जन्मन्छ रे । स्थानीय भैंसीमा लाहुरी राँगो लाएर लाहुरी भैंसीको विकास हाम्रै घरमा बाले गर्नुभएको थियो । दूध पनि त्यत्तिकै दिन्थ्यो । अहिले भारतले दिएका राँगाबाट पनि त दूधालु भैंसी विकास गर्न खोजिँदै छ । जुर्रा कि फुर्रा ल्याएका होइनन् प्रचण्डले ? अब नेपाली पनि कलमी बन्दै छन् । गँवारपना र संस्कारहीनताको लक्षण हो जात, थर, कुल परम्परा भन्ने शिक्षा त आजको राष्ट्रिय शिक्षाले नै दिएको छ । उडेर चन्द्रमा छुन जाने कुरो देवकोटाले गर्दा भविष्य द्रष्टा कहलिने विचरा देशका आठ कक्षा असफल ठूला मान्छेले नेपालका खहरे खोल्सामा पानीजहाज चलाउने सपना देख्दा चाहिँ आलोचनै आलोचना ?

ठूला मान्छे बनाएपछि उनले विदेशमा देखे, देखेका कुरा बोले के बिराए बबुराले ? ओखल्ढुंगातिरबाट नुन लिन आएको एउटा ढाक्रेले गोदारको नुन साहुका पसलमा मर्करी बलेको देखेर यस्तो लट्ठी पनि एउटा दिनुस् भनेर साहुलाई भनेछ । साहु त व्यापारी न हो मोल लियो राखिदियो । बेलुका भएपछि लट्ठी बाल्न खाजेछ ढाक्रेले बलेन छ । अनि त फनक्क फर्केर गोदारतिर झरेथ्यो रे भान्सामा 'स्विच' थिच्दा 'भ्यार्र' बाल्न के, कति, के के चाहिन्छ भन्ने कुरो ठूला मान्छेलाई के थाहा ? त्यसै आलोचनामाथि आलोचना गर्ने ? ऐनामा आफ्नो अनुहार पनि हेरौं । राडीमा सातु न मुछ्नु, मुछेपछि खान नघिनाउनु चुनाव जिताएर गठबन्धन गरेपछि परिणाम भोग्नुपर्छ । माला त काउछाकै न हो ?

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : आर्थिक पक्ष सबल रहनेछ । रोकिएका काममा गति मिल्नेछ ।

**वृष** : मनले पुनर्जागृतिको अनुभव गर्नेछ। पिताको सहयोगले व्यापारमा प्रगति हुनेछ।

**मिथुन** : नजिकका व्यक्तिहरूबाट भरपुर सहयोग मिल्नेछ। धर्मकर्मप्रति मन जानेछ।

**कर्कट** : लाभकारी योजनाहरू हात लाग्नेछन्। प्रेम सम्बन्धमा व्यर्थको वादविवाद बढ्नेछ।

**सिंह** : कार्य समयमा सम्पादन नहोला। शरीरको संकेतलाई प्राथमिकता दिनुहोस्।

**कन्या** : साझेदारी व्यापारमा लाभ रहनेछ। नोकरीमा कुरालाई खुलेर राख्ने प्रयास गर्नुहोस्।

**तुला**: कार्यक्षेत्रमा बुद्धि र श्रम खर्च गर्नुपर्ला। व्यवहारमा पछाडि परिनेछ ।

**वृश्चिक** : शिक्षा र सीपमा विकास हुनेछ। योग्यताको उचित मूल्यांकन हुनेछ ।

**धनु** : कार्यक्षेत्रमा नयाँ मार्गदर्शन मिल्नेछ। रोकिएको कार्य पुनःप्रारम्भ हुनेछ ।

**मकर**: व्यापारमा राम्रो फड्को मार्ने समय रहेको छ। शिक्षाको क्षेत्रमा प्रगति हुने छ।

**कुम्भ** : समाजमा प्रतिष्ठा बढ्नेछ । सोचेको कार्यमा सफलता मिल्नेछ ।

**मीन** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ । आत्मशक्ति बढ्नेछ ।




लघुकथा — भागीरथी श्रेष्ठ

# हिरा



उसको मनको शिरमाथि हिरा टल्किर हेको थियो । हिरा त मान्छे मनको शिरमा हुन्छ नै । तर ती हिराहरू कुनै नक्कली, कुनै धमिलो, कुनै नटल्किने, कुनै अति नै सानो, कुनै ठूलो, कुनै धेरै टल्किने हुने गर्छन् ।

मनको शिरको हिरा भनेको मान्छेको बहुमूल्य सम्पत्ति मान्छेको पर म आस्तित्व हो ।

उसलाई आफ्नो हिरा टल्केकोमा अत्यन्त गर्व थियो । आफ्नो हिराप्रति सचेत र इमानदार पनि । हरतरहले कतै न कतैबाट आएको धुवाँबाट जोगाइरहेको थियो ।

उसको हिरा चम्केको देख्दा उसको एक जना मिल्ने साथीको मनमा ईर्ष्या र जलनको भावना जाग्यो । उसको टल्केको हिरा निभाउन, त्यसलाई भुइँमा झार्न साथीले प्रयन्त गर्यो ।

कहिले वचनको वचनको ढुङ्गा हानेर, कहिले अपमानको तीर चलाएर, कहिले कठोर र द्वेषपूर्ण वचनको लाञ्छना लगाएर, कहिले कुदृष्टि फ्याँकेर, कहिले कालो व्यवहार देखाएर उसको चम्केको हिराको अवमूल्यन गर्ने प्रयास गरिरह्यो ।

उसको साथीको कुनियत बुझ्यो र उसले सतर्क हुँदै सोच्यो - कथम्कदाचित उसको शिर निहुरे भने त उसको चम्केको हिरा धमिलो र मूल्यहीन हुँदै जमीनमा खस्नेछ । यस्तो भयो भने उसको बाँच्नुको कुनै मूल्य र अर्थ हुँदै ।

कुनै वादविवाद नगरी उसले आफ्नो साथीसँगको सम्बन्धको पर्खाल मौन रूपले भत्काएर आफ्नो हिरालाई बचाउँदै निजी र बेग्लै बाटो बनाएर स्वाभिमानको यात्रालाई अघि बढायो ।

*-साहित्यपोष्ट डटकम*

निबन्ध — ज्ञानेन्द्र विवश

# बिर्सेर फेरि सम्झेका यादहरू

बिर्सनु पनि कहिलेकाहीँ कस्तो रमाइलो अनुभूति हो । यस्तो लाग्छ, समयको प्रवाहले एकार्कालाई बगाएर लगिदिएको छ । तर, अचानक एक दिन मनको कुनामा अल्झिएको एउटा सुगन्ध, एउटा ध्वनि वा कुनै धूमिल स्मृति-विम्बले थालिहाल्छ पुराना पानाहरू पल्टाउन । त्यसपछि बिर्सेर फेरि सम्झेका यादहरू आइहाल्छ ।

सदाझैँ म एक साँझ झ्याल खोलेर बसेको थिएँ । शान्त वातावरणमा टाढा कतै चराहरूको मधुरो चिरबिर मात्रै सुनिन्थ्यो । आकाश सफा भएर खुलेको थियो । मानिस आ-आफ्नै काममा व्यस्त थिए । बाहिरको हावाले कहिले बिर्सिसकेको धूमिल यादहरू झंकृत गर्‍यो । त्यो झंकारले एकैछिनमा मलाई फेरि त्यो पुरानो चौतारीमा पुर्‍यायो । त्यहाँ हामी साथीहरू दिउँसोको स्कुलपछि भेला हुन्थ्यौँ, हाँसो गर्दै चिउरा-चाउचाउ होइन, मकै-भटमास, गुन्द्रुकको चटनी बाँडेर खाँदै । ती बालापनका हास्य र बकबक अझै पनि हावामा तैरिरहेको जस्तो लाग्थ्यो ।

मानिसको स्मृति पनि कस्तो चमत्कार हो ? बिर्सिएको सम्झनालाई पनि यति जीवन्त बनाइदिन्छ कि हामी आफैँ अचम्ममा पर्छौं । त्यही झ्यालबाट फेरि सम्झेँ, कुनै आमाले दिउँसो आफ्ना बच्चालाई सुताउँदा गुनगुनाउने लोरीहरू - जुन बेला लाग्थ्यो, ती गीतभन्दा प्यारो त कुनै संगीत हुनै सक्दैन । ती बोल नसम्झिने भए पनि त्यसको मिठो कम्पन अझै मेरो मनको तल्लो तहमा बाँचेको रहेछ । कहिलेकाहीँ सम्झनाहरू ढिलो आउँछन् । जस्तै, कुनै पुरानो मित्रको चिठी जुन वर्षौंपछि पोस्टबक्समा आइपुग्छ । पढ्दा लाग्छ, 'ओहो, मैले त यिनलाई बिर्सिसकेको थिएँ !'

सम्झन्छु, फटाहा मान्छे, तर हामी कति धेरै मिल्थ्यौँ ! उसले मलाई औधी माया गर्थ्यो । म पनि माया गर्थें । हाम्रो मित्रता देखेर डाहा गर्नेहरू पनि थिए । त्यस चिठीका अक्षरहरू आँखामा झल्झली नाच्न थाल्छन् । फेरि पुराना सबै कुराहरू जीवन्त बन्छन् । विस्मृत-स्मृति पुन: जागृत हुन्छन् । बिर्सिएको प्रेम, टुटेको मित्रता, छुटिएको गन्तव्य । मोडिएको जीवनको गति ! यी सबै एकसाथ फर्किन्छन् । आखिर जीवन भन्नु यिनै व्यतीत दिनहरूको दस्ताबेज हुन् ।

बिर्सेर फेरि सम्झेका यादहरू कुनै सुन्दर हुन्छन् । कुनै खाटा बसेका घाउको दुखाइले बल्झाउन खोज्छन् । परन्तु, विगतका यादहरूमा फर्किंदा मन केही हलुको हुन्छ । किनभने, जतिसुकै पीडा भए तापनि तिनले मनलाई केही छिन खुसी प्रदान गर्छ । मलाई लाग्छ, यसरी विगततिर फर्किनु भनेको वर्तमानमा तनावबाट केही छिन अलि पर एकान्तमा पुग्नु पनि हो ।

त्यति बेला म व्यतीत दिनका कस्तै दु:खमा पनि आनन्दित मनले वर्तमानमा रमाउँछु । लाग्छ, यो मानवीय स्वभाव पनि हो । विगतका दु:ख सम्झेर आँसु झर्छन् । त्यसमा अफसोस लाग्छ । अलिकति दु:खका उच्छ्वासहरूले स्पर्श गर्छन् । तथापि, मन रोएर आँसुकै दहमा चोबलिँदैन । बरु, विगत सम्झेर भावुकपन आउन सक्छ ।

सम्झना पनि कहिलेकाहीँ वेदनाले भरिएका हुन्छन् । त्यो अन्तिम बिदाइ, त्यो अधुरो भेट, त्यो नबोली बिताएका दिनहरू । माफी दिएका घटनाहरू । माफी नपाएका घाउहरू । त्यसलाई जति बिर्सन खोजिए पनि, समय-समयमा आँखा रसाउने गरी तिनीहरू फर्किन्छन् । यद्यपि, ती यादहरू नै त हुन् । ती मिठा सम्झनाका तरेलीहरू नै हुन् । तिनले मनलाई मानवीय मनले भरिभराउ बनाउँछन् । ह्रदय संवेदनशील पार्न सिकाउँछन् । आखिर मान्छेको मन न हो, जो सानै कुराले पनि खुसी हुनसक्छ । सामान्य कुराले पनि दु:खी बन्न सक्छ । अपितु, कहिले कठार चट्टानको प्रहारले पनि केही हुन सक्दैन । तर, कहिलेकाहीँ सुकोमल फूलको स्पर्शले पनि मन छियाछिया हुन पुग्छ । यस्तै वातावरण, यिनै परिवेश र यस्तै सन्दर्भ-सम्झनाहरूले मेरो लेखकीय मन भावुक बन्न थाल्छ । म शब्दहरूको जंगलमा हराउन पुग्छु । कति सुन्दर शब्दहरू, कति प्रिय शब्दहरू ! शब्दको हार्दिक उपस्थितिमा उल्लासले मेरो मन भरिभराउ हुन्छ । त्यति बेला मलाई शब्दहरूले मायालु आक्रमण गर्न थाल्छन् । म शब्दहरूसँग मौन संवाद गर्न थाल्छु । शब्दका भलिभाँती चाङले मेरो सिर्जनात्मक मन भावनाको वेग मार्न उत्सुक हुन्छन् । कुन शब्दलाई कसरी, कहाँ प्रयोग गरौँ ? कसरी शब्दहरू मिलाएर त्यसमा मिठासको स्वाद भर्न सकौँ ?

शब्दहरूका शब्दहरूले सायद अझ धेरै लेख्न र अरू धेरै अनुभवहरू बाँड्न मलाई उत्प्रेरित गर्छन् । सम्झनाको बगैँचामा हिँड्दा, केही फूलहरू फक्रिसकेका, केही ओइलिएका र केही झरेका हुन्छन् । ती जीवनका प्रतिविम्ब बनेर प्रकट भइरहेका हुन्छन् । तिनै विम्बमा म विराट अनुभूतिको 'आकाश' देख्छु । तिनै विम्बमा म विराट भावनाको 'धरती' भेट्छु । त्यसपछि ती सबैलाई सँगालेर अभिलेखको खाका कोर्न बस्छु । अपितु, फूलहरू भनेका मायाको मधुर सुवास हुन् । प्रेमका मिठास हुन् । श्रद्धाका नाम हुन् । त्यसैले एक प्रकारले म फूलप्रेमी मान्छे । अत: म फूलसँग फुल्न थाल्छु । म फूलको सौन्दर्यमा मेरा भावना मिसाउँछु । फूलले मलाई जीवन बाँच्ने साहस दिन्छ । बिर्सेर फेरि सम्झेका यादहरूको आवरणमा मलाई अवतरण गराउँछ । त्यहाँ म काँडालाई ओझेलमा राखेर फुलिरहेका फूलहरूको सुवासमा मुस्कुराइरहेको हुन्छु । केही अझै पनि ताजा, सुवासित भएर मान्छेका आँखा लोभ्याइरहेका हुन्छन् । मौरी र भँवरा निम्त्याइरहेका हुन्छन् । तिनै हुन्, बिर्सेर फेरि सम्झेका कुराहरू । ती कहिल्यै हराउँदैनन् । ती समयको पर्खालमा लुकेर बसेका हुन्छन् । ती फेरि फुल्ने प्रतीक्षामा रहन्छन् । बिर्सेर फेरि सम्झेका यादहरू जस्तै !

*-बाह्रखरी डटकम*

यात्रा — सुश्रुतराज न्यौपाने

# मेरो गोरखपुरको यात्रा

मेरो हजुरबुबाको इच्छा भारतको गोरखपुरमा रहेको गोरखनाथको दर्शन गर्ने थियो । हामी ३ पुस्तालाई गोरखनाथको दर्शन गर्न धेरै मन थियोह मेरो हजुरबुबा, बाबा र म । साथमा मेरो मामुलाई पनि दर्शन गर्न मन थियो । त्यसैले हामीले गोरखनाथको दर्शन गर्ने योजना बनायौँ । हामीले छलफल गरेर भन्यौँ कि यो पुण्यको काम हुन्छ र धेरै समय लाग्दैन । यो योजना तयार भएपछि हामीले भोलि गोरखनाथको दर्शन गर्ने भन्यौँ । मलाई धेरै खुसी लागिरहेको थियो किनभने यहाँ म पहिलोपटक गएको थिएँ । मैले केही पनि बोकेको थिइनँ किनभने हामी त्यहाँ बस्न गएको होइनह दर्शन गर्न गएको हो । एक दुई घण्टा दर्शन गरेर आउने हो ।

राति भएको थियो त्यसैले हामी सबै सुत्यौँ । अनि बिहान भएको थियोह मैले मुख धोएँ र नुहाएँ । हामी सबै गोरखपुरको यात्राको लागि तयार थियौँ । हामी बिहान सुनौली पुगेका थियौँ । बाबाले भनिस्यो कि मलाई भारतीय पैसा चाहिएको छ र बाबाले नरहरि ठुलोबाबासँग ३००० जति भारतीय पैसा साटिस्यो । हामी अझै भारतको सुनौलीको बस बिसौनीमा जाँदा एउटा बस भेट्टायौँ । मैले त्यो बसलाई हेर्दा अच्चम्म मानेँ किनभने त्यो बस नेपालको बस जस्तो थिएन बल्की त्यसको दुई गुणा ठुलो थियो । मलाई भित्रबाट हाँसो पनि उठिरहेको थियो र बस पनि धेरै लामो थियो ।

हाम्रो यात्रा सुरु भयो सुनौलीदेखि । मेरो मनमा एउटा प्रश्न उठ्यो र मैले बाबालाई सोधेँ – बाबा मैले ल्यापटपमा हेर्दा भारत कस्तो राम्रो देखिन्थ्यो यहाँ त फोहोर छ । बाबाले हाँस्दै भनिस्यो –साउथ भारत र नर्थ भारतमा धेरै फरक छ । हामी अहिले नर्थ भारतमा छौँ । नर्थ भारतमा अलि फोहोर छ र सहरहरू कम सफा छन् । साउथ भारत भनेको युरोपियन देशहरू जस्तै लाग्छ । हामीले हाम्रो यात्रा अगाडि बढायौँ । मलाई धेरै भोक लागिरहेको थियो । ठ्याक्कै गाडी रोकियो । मैले बाबालाई भने कि बाबा मलाई धेरै भोक लागिरहेको छ र त्यो पकौडा किनिदिस्यो न । बाबाले भन्नुभयो – हेर छोरा यो पकौडा नराम्रो हो । यो नराम्रो तेलबाट बनेको हो । यो तेलले शरीरलाई धेरै हानी गर्दछ । बरु घरको कुरा खानुपर्छ भन्दै बसभित्र लगेर मामुले बोकेको खाजा ख्वाइस्यो ।

त्यसपछि बस हिँड्यो र मैले अर्को कुरा थाहा पाएँ कि भारतमा धेरै आकासे पुलहरू हुँदा रहेछन् । त्यस पुलको माथि तल गाडी चढ्दा र ओर्लंदा धेरै मजा आउने रहेछ । त्यसपछि मैले बाबालाई भने कि बाबा एकछिन बसमा फेसबुक हेरम्न । बाबाले हुन्छ भन्नुभयो र जब डाटा खोलेर हेर्दा त डाटाले काम गरेन किनभने एन्टिसी भारतमा काम गर्दैन रहेछ । बस खलासीले हाम्रो टिकट काट्यो र हामीलाई हाम्रो टिकट दियो । मैले यो देखेर बाबालाई सोधेँ कि बाबा टिकटको मूल्य ५४० थियो र हामीले ६०० रुपैयाँ दियौँ । अब खै त अरु फिर्ता पैसा भनेर मैले सोधेँ । बाबाले भनिस्यो कि बस खलासीले अहिले दिन्छु भन्दाभन्दै उत्रिने बेला हतार गराउँछ । त्यो पैसा नदिन सक्छ र हामीलाई छक्याउँछ । यो कुरा थाहा पाएपछि मैले बाबालाई भने कि त्यसो भए खलासीले खुजुरा पाएको देखेपछि हाम्रो पैसा माग्नुपर्छ ।

त्यसपछि खलासीले ड्राइभरलाई कराउँदै भने – थोडा धिरे चलाओ गाडी । अनि मेरो मनमा प्रश्न उठ्यो । खलासीले किन ड्राइभरलाई यसरी कराको भनेर मैले मेरो बाबालाई प्रश्न सोधेँ । त्यसपछि मेरो बाबाले भनिस्यो कि नेपालमा ड्राइभरले खलासीलाई हेप्छन् भने भारतमा खलासीले ड्राइभरलाई हेप्छन् । यही हो कारणह यो खलासीले ड्राइभरलाई हेप्नु ।


हामीले सोधेपछि खलासीले भन्यो कि अब् हम् गोरखपुर १५ मिनेट में पहुँचेङ्गे । सबलोग तयार होजाइए । मैले बाबालाई गोरखपुरको बारेमा सोध्न लागेँ । मैले सोधेँ – त्यहाँ मान्छेहरूले चोरी कसरी गर्छन् । यो सुनेर बाबाले मुसुक्क हाँस्दै भन्नुभयो कि चोरीको त कुरै छोडदेऊ भन्दै एउटा कथा सुनाउनु भयो ।

हजुरबुबा र बाबा एक दिन बनारसबाट पुरीतिर रेलमा जाँदै हुनुहुन्थ्यो रे । रेल एउटा डरलाग्दो घना जङ्गलबाट जान्थ्यो र हामी त्यही दिशाबाट पुरी जाँदै थियौँ – बाबाले भन्नुभयो । त्यतिबेला रातिको ९ बजेको थियो अचानक एउटा चोर रेलको ढोकाभित्र प्रवेश गर्यो र हजुरबुबाको ब्याग समातेर चोर्न खोज्यो । त्यतिबेला हजुरबुबाले दिमाग लगाएर हाम्रा सबै झोलाहरू एक आपसमा बाँधिदिनुभएको थियो । त्यसैले चोरले हाम्रो ब्यागहरू चोर्न सकेन । हजुरबुबाले स्याउ काट्ने चक्कु देखाएर चोरलाई आफ्नो कब्जामा लिनुभयो । यो देखेपछि रेलमै पुलिस आए । त्यस चोरलाई रेलको पुलिस थानामा लगियो । त्यहाँका पुलिसले भने कि अब् इसको एफायर दर्ज किजिए । त्यसपछि हजुरबुबा र मैले पुलिससँग बिन्ती गर्दै भन्यौँ कि हाम्रो रेल छुट्दैछ । त्यसैले तपाई जे गर्नुहुन्छ गर्नु भन्दै हामी रेलमा चढ्यौँ । त्यसपछि हामीले थाहा पायौँ कि त्यो मान्छे सेनाबाट भागेको रहेछ भन्दै पुलिसले भने । मैले मेरो बाबालाई भनेँ कि यो सबै घटना हुँदा हजुरलाई डर लागेन ? बाबाले भन्नुभयो कि के लाग्नु डर ?

यो कुरा भन्दाभन्दै हामी गोरखपुर पुग्यौँ भन्दै खलासीले भन्यो । म खुसी थिएँ । मैले बाबालाई सोधेँ – बाबा यो मन्दिर कति ठुलो छ । बाबाले भन्नुभयो – जस्तो भारत नेपालभन्दा २२ गुणा ठुलो छ त्यस्तै यो मन्दिर पनि अरु मन्दिर भन्दा २२ गुणा जत्रै ठुलो छ । हामीले त्यसपछि मन्दिरभित्र प्रवेश गर्यौं । त्यसपछि हामीले गोरखनाथ र सबै देवीदेवताहरूलाई दर्शन गर्यौं । पुजारीले मलाई माला पनि लगाइदिनुभयो । त्यहाँ हामीले टीका लगाएर प्रसाद खायौँ । मैले ठुला ठुला मान्छेहरूको मूर्ति पनि हेर्न पाएँ । त्यहाँ हामीले दर्शन गरेर मन्दिरलाई पछाडि नपारेर फोटो खिच्यौँ र पानीमा बोटिङ हेर्यौं । मलाई यहाँ धेरै मजा भइरहेको थियो । मलाई लागिरहेको थियो कि म स्वर्गमा थिएँ । मैले बाबालाई भोक लाग्यो भनेँ । बाबाले मलाई, हजुरबुबालाई र मामुलाई खाजा ख्वाउन एउटा रेस्टुरेन्टमा लग्नुभयो । त्यहाँको खाजा धेरै मिठो थियो । अब हामीले फेरि घर फर्किने योजना बनायौँ ।

हामी बसमा चढ्यौँ । मेले सुनौलीदेखि गोरखपुरसम्मका त्यही आउने बेलाका कुराहरू फर्किंदा पनि देखिरहेको थिएँ । त्यसपछि हामी सुनौली पुग्यौँ । त्यो बस सुनौलीसम्म मात्रै जान्थ्यो । त्यसपछि हामीले नेपालमा आई अर्को बसमा चढ्नुपर्थ्यो । त्यसैले हामीले छिटै बुटवल जाने एउटा बसमा चढ्यौँ । त्यहाँ हामीले नयाँ नेपाली मान्छेहरूलाई भेट्यौँ । तिनीहरू अमिर अमिर मान्छेका बारेमा र उट्पटाङ कुरा गर्दै थिएह जस्तै : स्टिब जब्स् र एलन मस्को कुरा, ५० डिग्रीमा सुन्तला फल्योह सुगर रोग फुकेर निको हुन्छह मलाई ग्यास्ट्रिक भए पनि दुधको चिया मरे छोड्न सक्दिनह आम्मै मैले कुरा काट्दै मेरो घर पो आइपुगेछह यस्तै यस्तै । उत्रिने बेला भएछ । हामीहरू भित्रभित्रै हाँसिरहेका थियौँ । त्यसपछि हामी हाम्रो घर पुग्यौँ । मलाई बाबाले भन्नुभएको थियो कि अब यो एक दिनको यात्रा तिमीले लेख्नुपर्छ र मैले हुन्छ भनेँ । त्यसैले मैले फाल्गुन २८ यो यात्रा गरेर होलीको दिन लेखेको हुँ ।*(न्यु होराइजन माध्यमिक विद्यालय, बुटवल, कक्षा: ६)*

*-रातोपाटी डटकम*






**नाम: प्रान्सिका भट्टराई**

**उमेर : ७ वर्ष**

**कक्षा : २**

**स्कुल : सेन्ट कपितानियो स्कुल**

# आज द्वन्द्वमा यौन हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस




**पाल्पा,असार ४/** आज जुन १९ अर्थात् द्वन्द्वमा यौन हिंसा उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस ।

यो दिवस नेपालमा पनि विविध कार्यक्रम गरी मनाइँदै छ । २०१५ जुन १९ मासंयुक्त राष्ट्र संघको महासभाले प्रत्येक वर्षको जुन १९ लाई द्वन्द्वमा हुने यौन हिंसाको उन्मूलनको लागि अन्तर्राष्ट्रिय दिवस मनाउने घोषणा गरेको थियो ।

द्वन्द्वसम्बन्धी यौन हिंसा, विश्वभर यौन हिंसाबाट पीडित र बाँचेकाहरुलाई सम्मान गर्न, अपराध उन्मूलनका लागि उभिन, र जीवन समर्पण तथा गुमाएका सबैलाई श्रद्धाञ्जली अर्पण गर्न यो दिवस मनाइन्छ । यौन हिंसामा पर्नेहरुका वेदनाको सम्बोधन अनि अधिकारको प्रत्याभूत गर्दै विश्वसमक्ष उनीहरूको आवाज सुनाउनलाई हरेक वर्ष संयुक्त राष्ट्रसंघले द्वन्द्वमा यौन हिंसाको उन्मुलनको लागि अन्तर्राष्ट्रिय दिवस मनाउने गर्दछ । नेपालमा पनि शान्ति निर्माण प्रक्रिया सुरु भएको १८ वर्ष पुग्न लाग्दा पनि सशस्त्र द्वन्द्वको समयमा भएका गम्भीर मानव अधिकार उल्लंघनका सवालहरू, महिलामाथि भएका यौन अपराध जस्ता सवालहरू सम्बोधन हुन सकेका छैनन् । 'द्वन्द्वसम्बन्धी यौन हिंसा' शब्दले बलात्कार, यौन दासत्व, जबरजस्ती वेश्यावृत्ति, गर्भावस्था, गर्भपतन वा नसबन्दी, विवाह, महिला, पुरुष वा बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा द्वन्द्वसम्बन्धी यौन हिंसा हुन् । जुन द्वन्द्वसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएका हुन्छन् । यसले यौन हिंसा वा शोषणको उद्देश्यका लागि द्वन्द्वको अवस्थामा प्रतिबद्ध हुँदा व्यक्तिहरूको बेचबिखनलाई समेत समेट्ने गरेको छ ।

नेपालको स्थितिमा द्वन्द्वका समयमा यौन हिंसामा पर्नेहरूका कुरा सम्बोधन, अधिकारको प्रत्याभूति अहिलेसम्म सरकारले गर्न सकेको छैन । यस्ता पीडितलाई अहिलेसम्म सरकारले कुनै पनि किसिमको क्षतिपूर्ति पनि दिन सकेको छैन ।

## मिथ्या सूचना विरुद्ध...

...मिथ्या सूचनाको कारण व्यक्तिदेखी राष्ट्रलाई ठूलो क्षति पुगेकाले विद्यार्थीहरुबिच पालिकाले सचेतना अभियान शुरु गरेको पालिका अध्यक्ष थापाले बताए । मिथ्या सूचनाबाट आफु बच्न र अरुलाई बचाउन पूर्वखोला गाउँपालिकाले विद्यालयका विद्यार्थीहरुबाटै सचेतना अभियान शुरु गरेको पालिका अध्यक्ष थापाले बताए । कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक तिर्थबहादुर सारुले समाजमा विभिन्न पक्षबाट सामाजिक सञ्जालमार्फत झुठो समाचार फैलाएर मानिसहरुमा भ्रम पार्ने, दु:ख दिने काम भएकाले अहिलेदेखी विद्यार्थीहरु सचेत हुनुपर्नेमा जोड दिए । सचेतना अभियानबाट नै मिथ्या सूचनालाई निरुत्साहित गर्न सकिने र विद्यार्थीहरु पनि सचेत हुनुपर्ने सहायक प्रधानाध्यापक सारुले बताए । कार्यक्रममा मित्था सूचनाको बारेमा पाल्पा विकास केन्द्रका कार्यक्रम संयोजक किरण कौशलले मिथ्या सूचना फैलिने, आधार, अवस्थाको बारेमा जानकारी गराएका थिए । उनले सामाजिक सञ्जालमा आएका सबै सूचनाहरु सत्य, तथ्य, र यर्थाथमा आधारित नहुने भएकाले देख्दा पत्याउने खालका देखिएपनि आफ्नो स्वार्थको लागि राखिएका हुनाले राम्रोसँग बुझेर मात्र लाईक, कमेन्ट तथा शेयर गर्नुपर्ने बताए । सामाजिक सञ्जालका गतिविधीहरु नबुझि बास्तविकता थाहा नपाई लाईक, कमेन्ट तथा शेयर गरेकै भरमा कानुनी कारवाहीमा पर्न सकिने अवस्था आउने प्रशिक्षक कौशलले विद्यार्थीहरुलाई जानकारी गराए । विद्यार्थीहरुलाई मिथ्या सूचनाबाट बच्ने तरीका, कानुनी उपचार, सम्वन्धित पक्षलाई उजुरी गर्ने तरीकाको बारेमा प्रशिक्षक कौशलले जानकारी गराएका थिए ।

## कोदो, मकै छाडेर...

...भार्षेको किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म पुग्ने गरेको छ । उनले किबीलाई प्रशोधन गरेर वाइन बनाउन सुरु गरेका छन् । किबीलाई बजारको खासै समस्या नभएको थापाले बताए । थापाले पाँच वर्षदेखि किबीको नर्सरीसमेत गर्दै आएका छन् । उनको नर्सरीमा यतिबेला आठ हजार किबीका नयाँ बिरुवा रहेका छन् । एउटा बिरुवालाई एक सय ५० देखि दुई सय पर्दछ । गाउँपालिकाले भार्षेलाई किबीको पकेट क्षेत्र घोषणा गरी कृषकलाई उत्प्रेरित गर्दै आएको छ । किबीखेती विस्तारका लागि पालिकाबाट प्राविधिक सहयोगदेखि आवश्यकताअनुसारको तालिम, टनेल, नर्सरी तथा बिरुवामा अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए । किबीका अन्य जातमा सबैभन्दा राम्रो गोल्डेन र रेड किबी राम्रो मानिन्छ । यसको मुल्य अन्य जातको किबीको भन्दा एक सय बढी पर्दछ । भार्षेमा पाँच वटा किबी समूहमा ८० कृषक आबद्ध छन् । यस क्षेत्रमा एक कृषकले १० बोटदेखि एक सय ५० बोटसम्म किवी लगाएका छन् । भार्षेमा हाल ४० हेक्टर क्षेत्रफलमा किसानले व्यावसायिक रुपमा किबीखेती गर्दै आइरहेका छन् ।

*-रासस*

खेलकुद समाचार

## इङ्ल्याण्डमा हुने विश्वकपको खेल तालिका सार्वजनिक



**काठमाडौं, असार ४/** आउँदो वर्ष इङ्ल्याण्डमा हुने आईसीसी महिला टी-२० विश्वकपको खेल तालिका सार्वजनिक भएको छ । इङ्ल्याण्ड एण्ड वेल्स क्रिकेट बोर्ड (ईसीबी) ले १० औं संस्करणको महिला टी-२० विश्वकपको खेल तालिका सार्वजनिक गरेको हो ।

तालिका अनुसार उद्घाटन खेलमा जुन १२ मा आयोजक इङ्ल्याण्ड र श्रीलङ्का खेल्ने छन् । ३३ खेलको यो प्रतियोगिताको फाइनल खेल लड्र्समा हुनेछ । १२ वटा टोली सहभागी हुने प्रतियोगितामा समूह चरणका खेलहरू हेडिङ्ली, ओल्ड ट्राफर्ड, एजबास्टन, द ओभल, द ह्याम्पशायर बाउल र ब्रिस्टलको काउन्टी ग्राउन्डमा हुनेछन् । महिला टी-२० विश्वकपका लागि आयोजक इङ्ल्याण्डसहित श्रीलङ्का, अस्ट्रेलिया, दक्षिण अफ्रिका, भारत, वेस्ट इन्डिज, पाकिस्तान र पूर्वविजेता न्युजिल्यान्ड पहिले नै छनोट भइसकेका छन् भने बाँकी ४ वटा टोली यस वर्षको अन्त्यमा हुने छनोट प्रतियोगिताबाट टुङ्गो लाग्नेछ । समूह १ मा अस्ट्रेलिया, दक्षिण अफ्रिका, भारत, पाकिस्तान छन् । समूह २ मा वेस्ट इन्डिज, इङ्ल्याण्ड, न्युजिल्याण्ड र श्रीलङ्का छन् । यस्तै छनोटबाट आउने ४ टोलीमध्ये २ वटा समूह १ मा २ वटा समूह २ मा हुनेछन् । समूहका शीर्ष २ टोली सेमिफाइनलमा पुग्नेछन् । महिला टी-२० विश्वकपमा पहिलो पटक १२ वटा टोली सहभागी हुन लागेका हुन् । प्रतियोगिताको पछिल्ला ६ संस्करणहरूमा १० वटा टोली समावेश हुँदै आएका थिए ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

## नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** असार ४/सेयर कारोबारमापक नेप्से परिसूचक बुधबार १.०७ अंकले घटेको छ । अघिल्लो दिनको तुलनामा ०.०४ प्रतिशतले घटेपछि समग्र नेप्से २ हजार ६ सय ५३.६८ अंकमा उक्लेर बन्द भएको छ ।

आइतबार र सोमबार सामान्य अंकले बढेको नेप्से मंगलबार झिनो अंकले घटेको थियो । बुधबार पनि नेप्सेले मंगलबारकै प्रवृति पछ्याएको हो । सो दिन कारोबारमा आएकामध्ये ८८ कम्पनीको सेयर मूल्य बढ्यो भने १५९ वटाको घट्यो र एउटा कम्पनीको सेयर मूल्य स्थिर रहयो । बुधबार ७८ हजार १३ पटकको सेयर कारोबारमा २ करोड ३४ लाख ४६ हजार ९४९ कित्ता सेयर किनबेच भए । ती किनबेचमा ९ अर्ब ८ करोड ५८ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । अघिल्लो दिनको तुलनामा कारोबार रकम बढेको हो । मंगलबार ७ अर्ब ६५ करोड ६२ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको थियो ।

बुधबार कारोबारमा आएका १३ उपसमूहमध्ये जलविद्युत्, जीवन बिमा, उत्पादन तथा प्रशोधन, सामूहिक लगानी कोष र अन्यको परिसूचक बढे । बाँकी ८ उपसमूहको परिसूचक घटेपनि समग्र नेप्से झिनो अंकले ऋणात्मक भएको हो ।

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई